# फाल्गुनन्द राजपत्र
# फाल्गुनन्द गाउँपालिका
# कोशी प्रदेश

खण्डः७ | संख्याः २ | मितिः२०८०/०८/०७


## फालगुनन्द गाउँकार्यपालिका
## धान उत्पादनमा उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कर्यान्वयन कार्यविधि, २०८०

**प्रस्तावनाः**

कृषि क्षेत्रलाई आकर्षण रुपमा हेर्न नसकेको कारण यस फाल्गुनन्द गाउँपालिका क्षेत्र भित्रबाट बर्षेनी हजारौ युवाहरु बौदेशिक रोजगारमा जान बाध्य भएका छन भने शिक्षित युवाहरुलाई यस क्षेत्रमा संलग्न गराउन चुनौति पूर्ण छ । कृषि क्षेत्रलाई उत्पादन र रोजगारको माध्यम बाट आकर्षक क्षेत्रको रुपमा विकास गर्न एकातिर शिक्षित युवाहरुलाई कृषि पेशामा आकर्षित गरी देश भित्र स्वरोजगार श्रृजना गर्नु पर्ने जरुरी छ भने अर्कोतिर कृषि पेशामा संलग्न भएका व्यावसायिक र अर्धव्यावसायिक कृषकहरुलाई थप प्रोत्साहन गरि कृष पेशालाई सम्मानित बनाउनु पर्ने आवश्यक छ। यसै परिपेक्षमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिनमा रहि फाल्गुनन्द गाउँपालिकामा कृषि व्यावसायमा बिगत देखिनै उत्कृष्ट रुपमा कार्य संचालन गरिरहेका कृषकहरुलाई प्रोत्साहन गरि उत्कृष्ट कृषक पुरस्कार प्रदान गर्न वाञ्छनिय भएकोले **धान उत्पादनमा उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कर्यान्वयन कार्यविधि, २०८०** तयार गरी लागु गरिएको छ ।

### परिच्छेद-१ संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः-**

(१) यो कार्यविधिको नाम " **धान उत्पादनमा उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कर्यान्वयन कार्यविधि, २०८०"** रहेको छ।

(२) यो कार्यविधि फाल्गुनन्द गाउँपालिका गाउँ कार्यपालिको कार्यलयले स्विकृत गरेको मिति देखि लागु हुनेछ।

**२. परिभाषाः-** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यक्रम" भन्नाले उत्कृष्ट कृषक पुरस्कार कार्यक्रमलाई सम्झनु पर्दछ ।

(ख) कार्यपालिका" भन्नाले फाल्गुनन्द गाउँपालिका गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "गाउँपालिका" भन्नाले फाल्गुनन्द गाउँपालिका सम्झनु पर्दछ।

(घ) "समिति" भन्नाले दफा ५ बमोजिमको समितिलाई जनाउछ ।

(ङ) "कार्यालय" भन्नाले फाल्गुनन्द गाउँपालिका गाउँ कार्यपालिकाको कार्यलय सम्झनु पर्दछ।

(च) "कृषक" भन्नाले कृषि **पेशामा** आवद्ध फाल्गुनन्द गाउँपालिकाका धान खेती गर्ने किसानलई सम्झनु पर्दछ ।

**३. कार्यक्रम संचालनको उदेश्यः-** यस कार्यविधि अनुसार कार्यक्रमको उद्धेश्य देहाय बमोजिम रहेको छ।

(क) कृषकको योगदानलाई सम्मान गर्ने ।

(ख) कृषि पेशालाई समाजको आकर्षक एवं सम्मानित पेशाको रुपमा स्थापित गर्न सहयोग पुर्याउने ।

(ग) कृषक समुदायमा स्वस्थ्य प्रतिस्पर्धाको भावना विकास गरी कृषि पेशालाई व्यवसायिक बनाउन सहयोग पुर्याउने ।

## परिच्छेद - २

## उत्कृष्ट कृषक पुरस्कार र कृषक छनौट बिधी

**४. धान उत्पादन परिणाम र पुरस्कार राशिः- (१)** उत्कृष्ट किसान पुरस्कारमा छनौट भएका किसानहरुलाई उत्पादनका आधारमा निम्न बमोजिम पुरस्कार वितरण गरिनेछ।

क. १०० मुरी वा सो भन्दा बढी उत्पादन गर्ने प्रति किसान - रु ५००००।—

ख. ५० देखि १०० मुरी सम्म उत्पादन गर्ने प्रति किसान - रु ३००००।-

**५. कृषक छनौटका आधारः-** गाउँपालिकाका धान खेती गर्ने कृषकहरु मध्ये उत्कृष्ट कृषक पुरस्कार वितरणका लागि कृषक छनौट गर्दा देहाय बमोजिमका आधारहरु पालना गर्नु पर्नेछ।

(क) कृषकले गाउँपालिका भित्र धान खेती गरेको हुनुपर्नेछ,

(ख) कृषकले एकै परिवारबाट मात्र धान उत्पादन गरेको हुनुपर्नेछ,

(ग) अधिया वा कुतमा धान उत्पादन गर्ने किसानको हकमा साहु र कृषकविचको हिस्सा खुल्ने गरी सम्झौता गरेको कागजात पेश गर्नुपर्नेछ,

**६. कृषक छनौट प्रकृयाः-**

क. गाउँपालिकाले गाउँपालिका भित्रका सबै कृषकहरुले जानकारी पाउने गरी ७ दिनको म्याद राखि अनुसूची १ बमोजिमको सार्वजानिक सूचना प्रकाशन तथा प्रसारण गर्नुपर्नेछ,

ख. तोकिएको मिति भित्र अनुसूची २ बमोजिमको फाराम भनि वडा कार्यालयको सिफारिस सहित गाउँपालिकामा निवेदन दिनुपर्नेछ,

ग. निवेदन प्राप्त भएपछि धान उत्पादन भएको खेत वा खला मै गएर समितिको पदाधिकारी वा प्रतिनिधिले अनुगमन गर्नुपर्नेछ,

घ. धान झारि सकेपछि नापजाँच गर्दा वडा कार्यालयको निर्वाचित प्रतिनिधि तथा भद्र भलाद्मीहरुको सनाखत गरी परिणाम खुल्ने गरी विवरण प्रतिनिधिलाई उपलब्ध गराउनुपर्नेछ,

तर एक पटकको लागि आ.व. २०८०/८१ को हकमा गोदाममा समेत स्थानिय भद्रभलाद्मी र वडा कार्यालयको रहोबरमा नाप तौल गरी सिफारिस गर्न बाधा पर्ने छैन।

ङ. नाप तौलको विवरण प्राप्त भएपछि समितिको बैठक बसि उत्कृष्ट कृषक पुरस्कारको लागि सिफारिस गर्नुपर्नेछ,

च. पुरस्कार वितरणको लागि सिफारिस भएकाहरुको पुर्ण विवरण सहित दावि विरोधको लागि ७ दिने म्याद राखि सार्वजानिक सूचना प्रकाशन प्रशारण गर्नु पर्नेछ।

छ. दावि विरोध नभएको खण्डमा सिफारिस बमोजिम पुरस्कार वितरण गर्नुपर्नेछ।

**७. उत्कृष्ट कृषक पुरस्कार सिफारिस समितिः-** (१) फाल्गुनन्द गाउँपालिकामा उत्कृष्ट कृषक पुरस्कार छनौट समिति निम्न बमोजिम हुनेछ ।

| | |
|---|---|
| क. गाउँपालिका अध्यक्ष | - संयोजक |
| ख. गाउँपालिका उपाध्यक्ष | - सदस्य |
| ग. प्रमुख प्रशासकिय अधिकृत | - सदस्य |
| घ. कार्यपालिकाको आर्थिक विकास समितिको संयोजक | - सदस्य |
| ङ. गाउँपालिकाको कृषि शाखा प्रमुख | - सदस्य सचिव |

(२) उपदफा १ बमोजिमको समितिले वडाबाट सिफारिस भइ आएका निवेदनहरु उपर जाँच बुझ गर्न सक्नेछ ।

(३) अन्य दफामा जुनसुकै कुरा लेखिएको भए पनि गलत विवरण पेश गरी कृषकले पुरस्कार प्राप्त गरेको प्रमाण प्राप्त भएमा उपदफा १ बमोजिमको समितिले जुनसुकै बखत पुरस्कार फिर्ता गर्न सक्नेछ । र त्यस्ता कृषकहरुलाई गाउँपालिकाबाट प्राप्त हुने कुनै पनि अनुदान उपलब्ध गराइने छैन ।

**८. बिबिधः-** (१) उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम संचालन को समन्वय फाल्गनन्द गाउँपालिका कृषि बिकास शाखा ले समन्वयकारी भुमिका निर्वाह गर्नेछ ।

(२) यस कार्यविधिमा उल्लेख नभएका ब्यवस्थाहरुको हकमा प्रचलित कानून बमोजिम नै काम कारबाही हुनेछ ।

**९. बचाउ र खारेजीः-** (क) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा स्थानीय सरकार सञ्चालन ऐन २०७४, र प्रचलित कानुनसँग बाझिन गएमा बाझिएको हकमा स्वतः खारेज भएको मानिनेछ ।

(ख) यो कार्यविधिलाई संशोधन गर्ने वा खारेज गर्ने अधिकार कार्यपालिकामा निहिन हुनेछ ।

अनुसूची १

(दफा ६ को उपदफा क. सँग सम्बन्धित)

प.सं. मितिः...............

च.नं.

<u>धान उत्पादनमा उत्कृष्ट कृषक पुरस्कारको लागि निवेदन पेश गर्ने सम्बन्धी सावर्वजानिक सूचना</u>

प्रस्तुत विषयमा फाल्गुनन्द गाउँपालिकाको **धान उत्पादनमा उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कर्यान्वयन कार्यविधि, २०८०** बमोजिम गाउँपालिका भित्र धान खेती गरिरहेका कृषकहरुलाई उत्पादनका आधारमा थप उत्पादन बृद्धि गर्नका लागि उत्कृष्ट कृषक पुरस्कार वितरण गर्नु पर्ने भएकोले उक्त कार्यविधिमा तोकिएको मापदण्ड बमोजिम योग्य कृषकहरुले यो सूचना प्रकाशन भएको ७ दिन अर्थात मिति..................... भित्र गाउँपालिकामा निवेदन पेश गर्न हुन यो सार्वजानिक सूचना प्रकाशन गरिएको छ। समय भित्र पेश नभएका निवेदन उपर कुनै कारबाही गरिने छैन।

<u>निवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरुः</u>

क. कार्यविधिको अनुसूची २ बमोजिमको ढाँचामा निवेदन,

ख. नेपाली नागरिकताको परिचय पत्र,

ग. वडा कार्यालयको सिफारिस,

अनुसुचि - २

(दफा ६ को उपदफा ख सँग सम्बन्धित)

मितिः-..................

श्रीमान् अध्यक्ष ज्यू
फाल्गुनन्द गाउँपालिका ।

बिषयः- उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा सहभागी हुन पाउँ ।

प्रस्तुत बिषया फाल्गुनन्द गाउँपालिकाको आ.व. .................. को बर्षिक स्वीकृत कार्यक्रम अनुसार गाउँपालिकाले संचालन गर्ने उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा मलाई सहभागि हुन ईच्छा भएकाले मेरो भएको सत्य तथ्य विवरण सहितको फारम भरि उक्त कार्यक्रममा सहभागिताको लागि यो निवेदन पेश गरेको छु ।

<u>निवेदक</u>

नामः- ......................................

दस्तखतः- .................................

ठेगनाः- ....................................

मोबाईल नः- ................................

**(व्यात्तिगत विवरण ढाँचा)**

१. कार्यक्रममा सहभागि हुन कृषकको नामः-

२. जन्म स्थान र जन्म मितिः-

३. सहभागिको स्थाई ठेगानाः-

श्रोत साधनको विवरण

| क्र.स. | विवरण | इकाई | उत्पादनको अनुमानित परिमाण |
|---|---|---|---|
| क. | कुल खेती गरिएको क्षेत्रफल | | |
| ख. | कृषि यन्त्र उपकरणको विवरण तथा आवश्यकता | | |

**४. खेती गरिएको बालीको क्षेत्रफल त उत्पादन विवरणः-**

| क्र.स. | विवरण | इकाई | परिमाण | उत्पादन |
|---|---|---|---|---|
| क | धान | | | |

**६. सेवा तथा संस्थागत पहुँच सम्बन्धि विवरणः-**

| क्र.स | सेवा तथा संस्थागत पहुँच | अति उतम | उतम | सामन्य | नभएको |
|---|---|---|---|---|---|
| १ | कृषि ऋण श्रोत एवं पहुँच | | | | |
| २ | बाली बिमा कार्यक्रममा पहुँच | | | | |
| ३ | कार्यक्रम \ आयोजना बाट परियोजना प्राप्ति | | | | |
| ४ | प्राबिधिकसँगको सम्पर्क | | | | |

**७. कृषि पेशामा संलग्न कामदारहरुको विवरणः-**

| क्र.स. | कामको किसिम | संख्या | घरेलु कामदार | ज्यामि कामदार |
|---|---|---|---|---|
| १ | खेती कार्यमा | | | |
| २ | प्रशोधन तथा बजारीकरण कार्यमा | | | |

## ८. कृषि क्षेत्र व्यावसायमा लागानी स्थितीः-

| क.सं | सेवा तथा संस्थागत पहुँच | रकम रु . | कैफियत |
|---|---|---|---|
| १ | जम्मा खेती खर्च | | |
| २ | जम्मा कृषि औजार उपकरण खरिद | | |
| ३ | अन्य खर्च | | |
| | कुल जम्मा खर्च | | |

## ९. कृषि व्यावसाय भएको लगानीको श्रोतः-

| कं.स | लगानीको श्रोत | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | कृषि बिकास बैंकबाट लिएको ऋण रकम | | |
| २ | अन्य बैंक तथा वित्तिय संस्था बाट लिएको ऋण रकम | | |
| ३ | समुह\सहकारीबाट लिएको ऋण रकम | | |
| ४ | साहुबाट लिएको ऋण रकम | | |
| ५ | छिमेकिबाट लिएको ऋण रकम | | |
| ६ | आफ्नै आम्दनी बाट बयोहोरेको रकम | | |
| | जम्मा | | |

## १०. कृषि पेशाबाट बार्षिक पारिबारिक आम्दनी स्थितिः-

| क.स | सेवा तथा संस्थागत पहुँच | रकम रु | कैफियत |
|---|---|---|---|
| १ | तरकारी खेती कार्यबाट | | |
| २ | खाध्यन्न खेती कार्यबाट | | |
| ३ | फलफुल खेती कार्यबाट | | |
| | कुल जम्मा आम्दानी | | |

## ११. निम्न बिषयमा सहभागी कृषक दंक्षताः-

| क.स | दंक्षताको क्षेत्र | स्थिति |
|---|---|---|
| १ | उन्नत प्रविधि उपयोग तथा अनुसरण (भएको\नभएको) | |

| | | |
|---|---|---|
| २ | श्रोत साधनको अधिकतम सदुपयोग (गरेको\नगरेको) | |
| ३ | प्रविधि विस्तारमा यगदान (भएको\नभएको) | |
| ४ | रोग किरा नियन्त्रण प्रविधिको उपयोग (भएको\नभएको) | |
| ५ | भकारो एवं गोठ सुधार (गरेको\नगरेको) | |
| ६ | उत्पादन लागत तथा प्रतिफल समबन्धि रेकर्ड व्यावस्थापन (गरेको\नगरेको) | |
| ७ | कुनै किसिमको पुरस्कार एवं प्रशंसा पत्र (पाएको\नपाएको) | |
| ८ | समुह,समिति, सहकारी सदस्य (भएको\नभएको) | |
| ९ | स्थानीय स्तरमा आफ्नो अनुभवआदन प्रदान (गरेको\नगरेको) | |

१२. नयाँ कृषि प्रविधिको विकास

१३. खेती प्रणालीमा अपनाइएको नयाँ प्रविधिहरुको विवरण

१४. कृषि व्यावसाय एवं प्रविधिहरुको विस्तृतिकरण (कुने भएको)

१५. कृषि व्यावसाय प्रवद्धर्नका भावी ओजना (कुनै भएमा)

१६. कृषकको सफलताको कथा (बढीमा १०० शब्दमा नबढ्ने गरी)

आज्ञाले,

निर्मल तुम्रोक

प्रमुख प्रशासकीय अधिकृत